## आयात गरिने उत्पादनहरूमा

# लिड

लिड भनेको शरीरमा गएर गम्भीर स्वास्थ्य समस्याहरू उत्पन्न गर्न सक्ने एउटा हेभि मेटल हो। उप्केको र खुर्केर निकालेको रङ्गबाट उत्पन्न लिडको धूलो लिडको सबभन्दा प्रमुख स्रोत हो तर अन्य वस्तुहरूमा पनि लिड हुन सक्छ।

## केही सांस्कृतिक मसलाहरू तथा औषधिमा लिड हुन सक्छ

प्राय लिड हुने धेरै वस्तुहरूको रङ्ग सेतो, चम्किलो पहेँलो, वा रातो हुने गर्दछ। तौलेर बिक्री गरिने, तथा संयुक्त राज्य अमेरिका बाहिर खरिद गरिएका वस्तुहरू, जस्तै धेरै जसो मसलाहरूमा प्राय लिडको उच्चतम मात्रा रहेको पाइन्छ। उक्त वस्तुहरूमा निम्न अनुसार पर्न सक्छ:

- दालचिनी
- खुर्सानी
- धूलो खुर्सानी
- करी पाउडर
- बेसार
- धनियाँ
- सिद्रा
- जीरा
- सातमसला
- ल्वाङ्ग
- सोफ
- आजारकन
- बाली गोली
- कान्दु
- पे-लु-आ
- ग्रेटा



## केही पारम्परिक सेरामिक तथा माटोको भाँडामा लिड हुन सक्छ





लिड केही खानेकुरा राख्ने भाँडाहरू र पकाउने भाँडामा हुन सक्छ जसमा निम्न अनुसार वस्तुहरू पर्न सक्छ:

- संयुक्त राज्य अमेरिका बाहिरका कसैले हातले बनाएको र सजाएको
- सडकको छेउको पसले वा चोर बजारहरूबाट लिएको
- पुरानो, उप्केको, वा चर्केको

DEPARTMENT OF HEALTH

*Nepali 7/2020*

**हामीलाई सम्पर्क गर्नुहोस्:**
**651-201-4620**
www.health.state.mn.us/lead

# केही सौन्दर्य तथा ऋत रिवाज सम्बन्धी धूलोहरूमा लिड हुन सक्छ








लिड केही सौन्दर्य तथा ऋत रिवाज सम्बन्धी धूलोहरूमा हुन सक्छ जस्तै गालेनाबाट बनाइएका पारम्परिक कोहल। अन्य वस्तुहरूमा निम्न पर्न सक्छ:

- काजल
- कुमकुम
- सिन्दुर
- सुर्मा
- थनका
- पूजाको अबिर
- रङ्गोली तथा विभूति

# केही क्यान्डीमा पनि लिड हुन सक्छ







संसारको सबै तिरको क्यान्डीमा लिडको मात्रा पाइन्छ। लिड भएको क्यान्डीहरू मध्ये धेरैजसो मेक्सिको तथा एसियाका हुन्छन्।

# केही विशेष बुट्टी तथा गरगहनामा पनि लिड हुन सक्छ







निम्न प्रयोजनमा प्रयोग हुने विशेष बुट्टी तथा गरगहनामा लिड हुन सक्छ:

- भाग्य
- सुरक्षा
- धर्म
- फ्याशन

## निम्न उपायद्वारा तपाईंको परिवारलाई लिडसँगको सम्पर्कबाट रक्षा गर्नुहोस्:

1. विदेशबाट अनलाईन नकिनेर स्थानीय रूपमा लेबल गरिएको वस्तुहरू किनेर
2. ऋत रिवाज सम्बन्धी धूलो तथा सौन्दर्यहरूलाई बच्चाहरू देखि टाढा राखेर
3. तपाईंको चिकित्सकद्वारा आफ्ना बच्चाहरूलाई लिडको लागि जाँच गराएर

DEPARTMENT OF HEALTH